**बैठक नं. ६**

आज मिति २०७७साल बैशाख १४ गते आइतबारका दिन यस माथागढी गाउँपालिकाको परीक्षा समितिको बैठक गाउँपालिका अध्यक्ष श्री सन्तोष कुमार थापाको अध्यक्षतामा बसी निम्नानुसारका प्रस्तावहरु माथि छलफल गरी निम्नानुसारका निर्णय गरियो ।

**उपस्थिति**

१. श्री सन्तोष कुमार थापा, गाउँपालिका अध्यक्ष - अध्यक्ष
२. श्री राजु नेपाल, प्रमुख प्रशासकिय अधिकृत- सदस्य
३. श्री निर बहादुर सारु - सदस्य
४. श्री पूर्ण बहादुर थापा- सदस्य
५. श्री दुर्गाप्रसाद काफ्ले - सदस्य
६. श्री गजेन्द्र पन्थी- सदस्य

विशेष आमन्त्रित

१. श्री अशेष भट्टराई
२. श्री मधु पराजुली
३. श्री डिल्लीराज रेग्मी

**बैठकका प्रस्तावहरु :**

१. पालिका स्तरीय परीक्षाको समिक्षा सम्बन्धमा ।

२. नतिजा प्रकाशन सम्बन्धमा ।

३. ग्रेड बृद्धि परीक्षा सम्बन्धमा ।

४. कक्षोन्नती र पुर्नयोग सम्बन्धमा ।

५. प्रोत्साहन पुरस्कार सम्बन्धमा ।

**निर्णयहरु :**

निर्णय नं. १. यस माथागढी गाउँपालिकाले मिति २०७६।११।२८ गतेदेखि मिति २०७६।१२।०५ गते सम्म सञ्चालन गरेको शैक्षिक सत्र २०७६को आधारभूत तहको कक्षा आठ (८) र कक्षा पाँच (५)को परीक्षा सञ्चालन र व्यवस्थापनको समग्र पक्षको बैठकमा समिक्षा गरियो । परीक्षा शान्त, मार्यादित र व्यवस्थीत तरिकाले ४२ वटा केन्द्रहरुमा सञ्चालन भएको जानकारी बैठकमा गराइयो । परीक्षा संचालनमा सहयोग गर्नुहुने सम्पूर्ण प्रधानाध्यापकहरु, निरीक्षकहरु, परीक्षकहरु, प्राविधिकहरु र सम्पूर्ण सरोकारवालाहरुलाई धन्यवाद ज्ञापन गर्दै उत्कृष्ट नतिजा हासील गर्ने सम्पूर्ण विद्यार्थीहरुलाई हार्दिक बधाई ज्ञापन गरीयो ।

**निर्णय नं. २.** माथागढी गाउँपालिकाले सञ्चालन गरेको शैक्षिक सत्र २०७६को आधारभूत तह कक्षा आठ (८) र कक्षा पाँच (५)को परीक्षाफल सम्पूर्ण सरोकारवाला पक्षहरुको जनाकारीका लागि निम्नानुसारका विद्युतिय माध्यमबाट आजै मिति २०७७।०१।१४ गते आइतबार प्रकाशन गर्ने निर्णय गरियो ।

विवरण

| क्र.सं. | विवरण | कक्षा ५ | कक्षा ८ |
|---|---|---|---|
| १ | परीक्षामा सहभागि विद्यालय संख्या | ४२ | १५ |
| २ | परीक्षा केन्द्र संख्या | ४२ | |
| ३ | कुल परीक्षार्थी संख्या | ४८६ | ५१३ |
| ४ | अनुपस्थित् विद्यार्थी संख्या | ५ | ० |
| ५ | परीक्षामा सम्मिलीत विद्यार्थी | ४८१ | ५१३ |

नतिजाका लागि गाउँपालिकाको नतिजा सम्बन्धि अनलाईन सफ्टवेयर mathagadhi.yarshasoft.com मा गएर विद्यालयहरुको युजर नेम र पासवर्ड प्रयोग गरी विद्यालयको सम्पूर्ण नतिजा हेर्न सकिने । माथागढी गाउँपालिकाको वेबसाइट mathagadhimun.gov.np मा गएर साथै गाउँपालिकाको फेसबुक पेजमा गएर हेर्न सकिनेछ। युजर नेम, पासवर्ड र थप जानकारीका लागि ९८५७०६०१६२, ९८५७०६०१३३, ९८५७०६८५५६ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।

निर्णय नं. ३. प्राप्त नतिजामा विषयगत रुपमा अन्तिम ग्रेड D+, D र E प्राप्त गरेका विद्यार्थीहरुले ग्रेड सुधार परीक्षा दिन चाहेमा विद्यालयले कोभिड १९को कारणले बन्द रहेका विद्यालयहरु खुलेको १ हप्ता भित्र आन्तरिक रुपमा गेड सुधार परीक्षाको व्यवस्था गरी विद्यार्थीहरुको प्राप्ताङ्क विवरण परीक्षा समितिलाई उपलब्ध गराउन र निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४.** गाउँपालिकाले संचालन गरेको परीक्षाको आज प्रकाशित नतिजा अनुसार वा ग्रेड सुधार परीक्षाबाट समेत १.६ जिपिए प्राप्त गर्ने विद्यार्थीहरुलाई कक्षोन्नति गर्न विद्यालयलाई निर्देशन दिने साथै आफूले प्राप्त गरेको ग्रेड उपर चित्त नबुझेमा परीक्षार्थीले रु १००।- शुल्क सहित पुर्नयोगका लागि सम्बन्धित् विद्यालय मार्फत परीक्षा समतिमा परीक्षाफल प्रकाशन भएको मितिले ३५ दिन भित्र निवेदन दिने व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** प्रकाशित नतिजा अनुसार उत्कृष्ट नतिजा हासिल गर्ने समुदायिक र संस्थागत विद्यालय दुबै तर्फका छात्र, छात्रा, शिक्षक र विद्यालयलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

सर्बोत्कृष्ट नतिजा

| कक्षा | धार | छात्र/छात्रा | विद्यार्थीको नाम | जिपिए | विद्यालय |
|---|---|---|---|---|---|
| ८ | सामुदायिक | छात्रा | शोभा कुमारी चिदी | ३.८२ | रत्न मा.वि. |
| ८ | सामुदायिक | छात्र | संयोग जि.सी. | ३.९१ | रत्न मा.वि. |
| ८ | संस्थागत | छात्रा | कृतिका राना | ३.९१ | माउण्ट भ्याली इ. स्कूल |
| ८ | संस्थागत | छात्र | डेविट राना | ३.८७ | माउण्ट भ्याली इ. स्कूल |
| ५ | सामुदायिक | छात्रा | उषा कुमाल | ३.६५ | सहारादेवी प्रा.वि. |
| ५ | सामुदायिक | छात्र | सुमित कुमाल | ३.३५ | सहारादेवी प्रा.वि. |
| ५ | संस्थागत | छात्रा | निशा सारु | ३.६ | माउण्ट मालिका इ.बो.स्कूल |
| ५ | संस्थागत | छात्र | नयन थापा | ४ | माउण्ट मालिका इ.बो.स्कूल |